विगु गाउँपालिका

# स्थानिय राजपत्र

खण्डः८ संख्याः१ मितिः २०८१/०९/२३

## भाग-२

## मदिरा न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन कार्यविधि-२०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः-२०७८/०९/०१

**प्रस्तावनाः**

सर्वसाधारण जनताको आचार विचार, स्वास्थ्य, संस्कृति, सभ्यता, आर्थिक अवस्था तथा जीवनस्तर सुधार गर्न जनताको रहनसहन, खानपान, शिक्षा, स्वास्थ्यको अवसर, रोजगारी, राज्यले अङ्गीकार गरेको नीति तथा लागू गरेका कानुन आदिले प्रमुख भूमिका खेल्छन्। जनताको स्वास्थ्य र समाजको सभ्यतासँग प्रत्यक्ष रुपले जोडिएको मदिरा तथा मदिराजन्य वस्तुको प्रयोग, ओसारपसार, बिक्रीवितरणलाई व्यवस्थित गरी अधिक मदिरा सेवनका कारण समाजमा दिनानुदिन बढ्दै गरेका विकृति, हिंसा, विसङ्गति तथा हाम्रा मौलिक सभ्यतामाथिको प्रहारलाई न्यूनीकरण तथा नियन्त्रण गरी समुदायलाई सभ्य, सुसज्जित, शान्त तथा सकारात्मक मार्गमा अग्रसर गराउन वाञ्छनीय छ। यही आवश्यकतालाई परिपूर्ति गर्न नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम २०७८/०९/०१ को गाउँ कार्यपालिकाको बैठकले यो मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७८ बनाई लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम मदिरा न्यूनीकरण, नियन्त्रण तथा व्यवस्थापन कार्यविधि—२०७८ रहेको छ ।

(ख) यो कार्यविधि विगु गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले पारित गरेको मितिबाट लागू हुने छ ।

(ग) यो कार्यविधि विगु गाउँपालिकाको क्षेत्रभित्र लागू हुने छ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः—

(क) मदिरा भन्नाले ह्विस्की, रम, जिन, ब्रान्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, डनेचर्ड स्प्रिट र हेड्स स्प्रिट लाई जनाउँदछ ।

(ख) घरेलु मदिरा भन्नाले अन्न फलफूल वा अन्य कुनै वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाएर वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थलाई जनाउँछ र सो शब्दले घरेलु रुपमा उत्पादित जाँड, रक्सी, छ्याङ समेतलाई जनाउँछ ।

(ग) उत्पादन भन्नाले मदिरा उत्पादन गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नका लागि अपनाइने सबै वा कुनै विधि वा कार्य भन्ने सम्झनुपर्छ ।

(घ) अनुमतिपत्र भन्नाले गाउँपालिका वा अन्य मान्यताप्राप्त सम्बन्धित निकायले मदिरा विक्री वितरणका लागि दिइएको अनुमति पत्र भन्ने सम्झनुपर्छ ।

(च) सार्वजनिक स्थल भन्नाले देहायका सार्वजनिक स्थल भन्ने सम्झनुपर्छः

१. सरकारी कार्यालय, सार्वजनिक संस्थानका कार्यालय, स्थानीय तहका कार्यालय

२. शिक्षण संस्था, पुस्तकालय, तालिम हल, तालिम तथा प्रशिक्षण केन्द्र

३. अस्पताल, स्वास्थ्य चौकी, औषधी पसल(मेडिकल), क्लिनिक तथा स्वास्थ्य सेवा प्रदान गर्ने संस्था

४. मन्दिर, गुम्बा, चर्च, धर्मशाला तथा धार्मिक स्थल

५. चलचित्र मन्दिर, नाट्यशाला, खेलमैदान, रङ्गशाला, सांस्कृतिक केन्द्र, सङ्ग्रहालय

६. बालकल्याण गृह, बाल संरक्षण केन्द्र, बृद्धाश्रम, अनाथालय

७. गैर सरकारी सङ्घ संस्थाका कार्यालय, सामुदायिक संस्थाका कार्यालय, क्लबहरु

८. छात्रवास तथा अतिथि गृह

९. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वामित्व रहेका अन्य संस्थाका कार्यालयहरु ।

(छ) अध्यक्ष भन्नाले विगु गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्दछ ।

(ज) संयोजक भन्नाले न्यायिक समितिको संयोजक भन्ने सम्झनु पर्दछ ।

**३. उद्देश्यः**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुने छः

(क) सार्वजनिक स्थलमा मदिराको प्रयोग, विक्रीवितरण तथा ओसारपसार पूर्ण रुपले निषेध गर्ने

(ख) मदिराको प्रयोगलाई कम गर्दै आर्थिक वचत कार्यलाई प्रोत्साहन गर्ने

(ग) मदिरा सेवनकर्ताको सङ्ख्या कम गर्ने

(घ) मदिरा सेवनका कारण जनस्वास्थ्यमा पर्ने असर कम गर्ने

(ङ) मदिराको उत्पादन, विक्रीवितरण, ओसारप्रसार तथा प्रयोगको रेकर्ड अद्यावधिक गर्ने ।

## परिच्छेद—२

## कार्यक्रम सञ्चालन विधि

**४. मदिराको उत्पादनमा नियन्त्रणः**

कुनै व्यक्तिले अनुमतिपत्र वेगर र अनुमतिपत्र पाएकाले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

**५. मदिराको विक्री वितरणमा नियन्त्रणः**

कुनै व्यक्तिले अनुमतिपत्र बेगर अनुमतिपत्र पाएकाले अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा विक्रीवितरण गर्न, मदिरा खुवाउने बार वा रेस्टुरेन्ट वा पसल सञ्चालन गर्न पाउने छैन ।

**६. मदिराको उत्पादन तथा विक्रीवितरणमा बन्देजः**

(क) प्रथा परम्परा, धार्मिक प्रयोजनको लागि तोकिएको परिमाण बाहेक खुला तथा घरेलु मदिराको उत्पादन, ओसारपसार तथा विक्री वितरण र सेवन गर्न हँुदैन ।

(ख) कसैले पनि प्लास्टिकको पोका (पाउँच) वा प्लास्टिकको बोतलमा राखी मदिराको उत्पादन तथा विक्री वितरण गर्नु हुँदैन ।

(ग) कसैले पनि अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति, गर्भवती तथा सुत्केरी महिलालाई मदिरा विक्री वितरण गर्नु हुँदैन ।

(घ) अठार वर्ष उमेर प्रूरा नगरेको व्यक्तिले मदिराको ओसारपसार तथा विक्री वितरण गर्नुहुँदैन ।

(ङ) खाद्यान्न पसल तथा अन्य सामग्री वितरण गर्ने पसलले मदिराको विक्री वितरण गर्नु हुँदैन ।

**७. मदिरा सेवनमा नियन्त्रणः**

(क) मदिराको सेवन गरी सवारी चलाउनु हुँदैन ।

(ख) मदिरा सेवन गरी कुनै पनि सरकारी कार्यालय, सार्वजनिक संस्था, सार्वजनिक सभा समारोह बैठकहरुमा प्रवेश गर्न हुँदैन।

(ग) सार्वजनिक स्थलहरुमा मदिराको सेवन गर्नु हुँदैन ।

(घ) मदिरा सेवनकर्ताले मदिरा सेवन गरी कुनै पनि व्यक्ति, समुदाय, संस्था कसैउपर आक्षेप लगाउने गाली बेइज्जति गर्ने, झैझगडा तथा कुटपिट गर्ने एवं होहल्ला गर्ने कसुर गर्नु हुँदैन ।

**८. मदिराको निकासी पैठारीमा नियन्त्रणः**

(क) कुनै पनि व्यक्ति वा संस्थाले अनुमतिपत्र बेगर र अनुमतिपत्र प्राप्त गरेकाले अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

(ख) कुनै पनि व्यक्ति वा संस्थाले अनुमतिपत्र बेगर र अनुमतिपत्र प्राप्त गरेकाले अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गरेमा पहिलो पटकका लागि रु.५०००।— अक्षरुपि पाँचहजार रुपैयाँ मात्र र दोहोर्‍याएर निकासी वा पैठारी गरेमा प्रत्येक पटक रु. १०००।— थप गरी जरिवाना गरिने छ ।

(ग) तीन वा सोभन्दा बढी पटक यस कार्यविधिको दफा ८ (१) र (२) को प्रावधान उलङ्घन गर्ने निकासी तथा पैठारीकर्ताको अनुमति पत्र गाउँपालिकाले जारी गरेको भए खारेज गरिनेछ र अन्य निकायले जारी गरेको भए जारी गर्ने निकायमा खारेजीका लागि सिफारिस गरिनेछ ।

**९. मदिरा विक्री वितरण, ओसारपसार र व्यवसाय दर्ता प्रमाणपत्र र विक्री अभिलेखको व्यवस्थाः**

(क) मदिरा बिक्री वा ओसारपसार गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले विक्री वितरणको अनुमतिका लागि अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(ख) (१) गाउँपालिकाले निवेदनको व्यहोरा हेरी अनुमति दिन उपयुक्त ठानेमा स्थलगत अवलोकन समेत गरी अनुसूची २ बमोजिमको ढाँचामा अनुमती पत्र प्रदान गर्ने छ । गाउँपालिकाले अनुमति प्रदान गरेको एक महिनाभित्र स्थायी लेखा नं. (एब्ल्) लिइसक्नुपर्ने छ ।

(२) अनुमतिपत्रका लागि रु. २५००।— शुल्क बुझाउनु पर्ने छ र प्रत्येक वर्षको असोज मसान्तभित्र रु. २०००।— अक्षरेपि दुईहजार मात्र नवीकरण शुल्क बुझाइ अनुमति पत्र नवीकरण गर्नुपर्ने छ ।

(३) (क) अन्य निकायबाट मदिरा विक्री वितरण तथा ओसारपसारको अनुमतिपत्र प्राप्त गरेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले गाउँपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नुपर्ने छ ।

(ख) गाउँपालिकाले अनुसूची ३ बमोजिमको ढाँचामा व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई व्यवसाय दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

(ग) व्यवसाय दर्ता गर्नका लागि वार्षिक रु. १५००।— अक्षरुपी एक हजार पाँचसय रुपैयाँ मात्र शुल्क बुझाउनु पर्ने छ र प्रत्येक वर्षको असोज मसान्तभित्र रु.१०००।— अक्षरुपि एकहजार रुपैयाँ मात्र बुझाइ नवीकरण गर्नुपर्ने छ ।

(४) (क) मदिराको थोक तथा खुद्रा व्यापारीले आफ्नो पसलमा मदिराको प्रकार अनुसार मौज्दात तथा विक्रीको अखिलेख राख्नुपर्ने छ ।

**१०. मदिरा बिक्री वितरण, ओसारपसार र सेवनकर्ताले पालना गर्नुपर्ने आचार संहिताः**

(क) मदिराको थोक बिक्रेताले विहान ८:०० बजेदेखि राति ८:०० बजेसम्म मात्र मदिरा बिक्री गर्ने,

(ख) मदिराको खुद्रा विक्रेताले साँझ ५:३० देखि ८:३० बजेसम्म मात्र मदिरा बिक्री गर्ने

(ग) मदिराको खुद्रा विक्रेताले मदिरा बिक्रीका लागि प्राप्त अनुमति पत्र लिएर मात्र थोक बिक्रेताबाट मदिरा खरिद गर्नु पर्ने

(घ) मदिराको कारोबार गर्ने व्यापारीले आफूले प्राप्त गरेको अनुमति पत्र र मदिराको दर रेट सबैले सहजै देख्ने गरी आफ्नो पसलमा राख्ने ।

(ङ) मदिरा बिक्रेताले मदिरा सेवन गरी आएको व्यक्तिलाई मदिरा बिक्री वितरण नगर्ने,

(च) मदिरा पसलेले सोही पसलमा सँगसँगै राखी कुनै पनि प्रकारको खाद्य सामग्रीको विक्री वितरण नगर्ने,

(छ) यसै कार्यविधि अनुसार आफूले प्राप्त गरेका अनुमति पत्रको नवीकरण गर्नुपर्ने ।

(ज) विशेष पर्व, उत्सव मेलाको समयमा सामाजिक शान्ति कायम गर्न सो समयमा मदिरा बिक्रीवितरण नगर्ने,

(झ) गाउँपालिकाले विशेष कारण खुलाई बिक्रीवितरण नगर्नु भन्ने सूचना जारी गरेको समयमा मदिरा बिक्री वितरण गर्न तथा सेवन गर्न नहुने,

(ञ) मदिरा पसल सार्वजनिक स्थल, पार्क, मन्दिर, सरकारी तथा गैह्र सरकारी कार्यालयभन्दा कम्तीमा १०० मिटर टाढाको दुरीमा मात्र राख्ने ।

(ट) मदिरा सेवनकर्ताले तोकिएको परिमाणभन्दा बढी मदिरा सेवन नगर्ने।

(ठ) मदिरा सेवनकर्ताले तोकिएको समयमा बाहेक मदिरा सेवन नगर्ने ।

(ड) मदिरा सेवनकर्ताले मदिरा सेवन गरी कुनै व्यक्ति, संस्थामाथि आक्षेप लगाउने, गाली बेइज्जती गर्ने, होहल्ला गरी शान्ति भङ्ग गर्ने, झैझगडा तथा कुटपिट गर्ने जस्ता कार्य नगर्ने ।

**११. धार्मिक प्रयोजनका लागि मदिरा उत्पादन गर्न पाउने व्यवस्थाः**

(क) घरेलु मदिरा उत्पादन गर्न चाहने व्यक्तिले अनुसूची ४ बमोजिम अनुमतिका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(ख) वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले आवश्यक जाँचबुझ गरी अनुमतिपत्रका लागि गाउँपालिकाको कार्यालयमा सिफारिस गर्नेछ र गाउँपालिकाले अनुसूची ५ बमोजिमको ढाँचामा एक पटकका लागि रु.५००।— अक्षरेपि पाँचसय मात्र शुल्क लिई अनुमति पत्र प्रदान गर्ने छ ।

(ग) झुठा विवरण पेश गरी अनुमतिपत्र लिएको प्रमाणित भएमा उक्त अनुमतिपत्र खारेज गरी रु. ५०००।— अक्षरेपि पाँचहजार मात्र जरिवाना गरिने छ ।

(घ) धार्मिक प्रयोजनका लागि घरेलु उत्पादन गर्ने व्यक्तिले वार्षिक रुपमा २ पटक मात्र उत्पादन गर्न पाउने छ ।

(ङ) घरेलु मदिरा एक पटकमा बढीमा ५ लिटरभन्दा बढी उत्पादन गर्न पाउने छैन ।

(च) घरेलु मदिरा उत्पादन गर्ने व्यक्तिले आफूले उत्पादन गरेको मदिराको विवरण धार्मिक कार्य सकिएको ३ महिनाभित्र वडाकार्यालय मार्फत गाउँपालिकामा बुझाउनुपर्ने छ ।

**१२. मदिराको नियन्त्रण र व्यवस्थापनका लागि नियमित अनुगमन सम्बन्धी व्यवस्थाः**

(क) गाउँपालिका तथा वडा स्तरीय मदिरा नियन्त्रण तथा अनुगनमन समितिले आ—आफ्नो कार्यक्षेत्रका सार्वजनिक स्थानहरुमा मदिराको उत्पादन, विक्रीवितरण, ओसारपसार र सेवनको अवस्था के कस्तो छ जाँचबुझ गर्न कम्तीमा बर्षको २ पटक अनुगमन गर्नुपर्ने छ । यसका लागि अनुसूची “६” अनुसारको अनुगमन फाराम प्रयोग गर्नुपर्ने छ ।

(ख) उपदफा “क” को अनुगमनबाट देखिएको अवस्थालाई अनुसूची ९ अनुसारको ढाँचामा प्रतिवेदनमा उतारी वडापालिका वा गाउँ कार्यपालिकामा सात दिनभित्र पेस गर्नुपर्नेछ ।

**१३. मदिराको नियन्त्रण र व्यवस्थापनका लागि सचेतना कार्यक्रम सम्बन्धी व्यवस्थाः**

(क) मदिराको उत्पादन, बिक्रीवितरण, ओसारपसार र सेवन सम्बन्धी राष्ट्रिय, प्रदेश र गाउँपालिका स्तरमा व्यवस्था भएका कानुनी प्रावधानका बारेमा गाउँपालिका र वडा स्तरमा कम्तीमा वर्षमा २ पटक नेपाल प्रहरीको प्रशिक्षणमा सरोकारवालाहरुका लागि सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(ख) मदिराको सेवनबाट पर्ने असर, यसको वर्तमान अवस्था, समस्या तथा चुनौती र सुधारका लागि अपनाउनु पर्ने सावधानीका सम्बन्धमा वर्षको २ पटक वडा र गाउँपालिका स्तरमा सचेतना ¥याली सहितको कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(ग) प्रत्येक माध्यमिक विद्यालयमा मदिरा सेवनका असर र बच्न उपाय सम्बन्धी सडक नाटक, कविता तथा गीति प्रतियोगिता, वक्तृत्वकला, वादविवाद आदि कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने छ ।

(घ) युवा लक्षित सचेतना कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने छ ।

(ङ) प्रत्येक सचेतना कार्यक्रमको अनुसूची “७” अनुसारको ढाँचाको प्रतिवेदन गाउँकार्यपालिकामा पेस गर्नुपर्ने छ ।

**१४. खानतलासी, मदिरा कब्जा र नष्ट गर्ने तथा गिरफ्तार गर्ने सम्बन्धी व्यवस्थाः**

(क) कुनै स्थानमा यस कार्यविधि वा प्रचलित अन्य कानुन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने लागेमा गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले त्यस्ता स्थानमा नेपाल प्रहरीसँगको समन्वयमा खानतलासी गर्न सक्ने छ ।

(ख) उक्त स्थानमा कार्यविधिमा उल्लेख भए अनुसारको सजाय हुन सक्ने मदिरा वा मदिराजन्य वस्तु भेटिएमा उक्त वस्तु कब्जा गर्न, नष्ट गर्न र कसुरदार देखिएका व्यक्तिलाई नेपाल प्रहरीको सहयोगमा गिरफ्तार गर्न सकिने छ । यसको जानकारी तुरुन्त गाउँकार्यपालिकालाई दिनुपर्ने छ ।

**१५. मदिराको नियन्त्रण र व्यवस्थापनका लागि सजाय गर्न सकिने व्यवस्थाः**

(क) कानुन विपरित वा कार्यविधि विपरित मदिरा उत्पादन, बिक्रीवितरण, ओसारपसार र सेवन गर्ने व्यक्ति, संस्था, उद्योगलाई संधीय सरकार, प्रदेश सरकार र यस गाउँपालिकाले तय गरेका कानुन अनुसार सजाय गरिने छ ।

(ख) कुनै मदिरा उत्पादक, बिक्रीवितरक, ओसारपसार कर्ता र सेवनकर्ताले यस कार्यविधिको दफा ६, ९, १० र ११ को प्रावधानको प्रतिकूल हुने कसुर गरेमा त्यस्तो व्यक्ति, संस्थालाई पहिलो पटकका लागि रु. २०००।— र पटक पटक दोहो¥याएमा प्रत्येक पटक रु. १०००।— थप गरी जरिवाना गरिने छ ।

(ग) दफा ६, ९, १० र ११ को प्रावधान प्रतिकूल हुने कसुर गर्न सहयोग गर्ने सहयोगीलाई उपदफा “ख” को आधा सजाय गर्न सकिने छ ।

(घ) मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले आफ्नो वडामा दफा ६, ९, १० र ११ को प्रावधान प्रतिकूल हुने कसुर गर्ने व्यक्तिलाई सजायका लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ र उक्त सिफारिस मनासिब लागेमा गाउँपालिकाले त्यस्तो व्यक्तिलाई यसै दफाको उपदफा “क”, “ख” र “ग” बमोजिम सजाय गर्न सक्नेछ ।

(ङ) सार्वजनिक पद धारण गरेको व्यक्तिले दफा ६, ९, १० र ११ को प्रावधान प्रतिकूल हुने कसुर गरेमा यसै दफाको उपदफा “क”, “ख” र “ग” ले व्यवस्था गरेको सजायँको दोब्बर सजायँ गरी विभागीय कार्यवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ ।

(च) ३ वा सोभन्दा बढी पटक कसुर दोहो¥याउने मदिरा उत्पादक, बिक्री वितरक र ओसारपसार कर्ताको अनुमति रद्द गर्न सिफारिस गरिने छ ।

**१६. न्यायिक पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

(क) यस कार्यविधि अनुसार सजायँ तथा जरिबाना गरिएको विषयमा चित्त नबुझे विगु गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

## परिच्छेद ३

## संस्थागत व्यवस्था

**१७. समिति गठनः**

(१) मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि गाउँपालिका र वडास्तरमा देहाय बमोजिमका मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिने छः

(क) गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | संयोजक |
| गाउँपालिकाका उपाध्यक्ष | सह संयोजक |
| प्रमुख पशासकीय अधिकृत | सदस्य सचिव |
| स्वास्थ्य समितिका संयोजक | सदस्य |
| स्थानीय प्रहरी प्रमुख | सदस्य |
| स्थानीय उद्योग वाणिज्य संध प्रतिनिधि | सदस्य |
| स्थानीय होटल व्यवसाय प्रतिनिधि | सदस्य |
| स्थानीय गैह्र सरकारी संस्था प्रतिनिधि | सदस्य |
| गाउँपालिकाभित्र क्रियाशील राजनीतिक दलका प्रतिनिधि | सदस्य |
| स्थानीय पत्रकारहरु | सदस्य |

**(२) गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(१) प्रत्येक ३/३ महिनामा गाउँपालिकामा मदिराको उत्पादन, बिक्री वितरण, ओसारपसार र सेवन सम्बन्धी अवस्थाको समीक्षा गरी तत्काल तथा दीर्घकालमा गर्नु पर्ने क्रियाकलापहरु तय गरी लागू गर्ने ।

(२) प्रत्येक २ महिनामा द्वैमासिक बैठक गर्ने ।

(३) मदिरा नियन्त्रण तथा व्ययवस्थापन सम्बन्धी कार्यविधिको परिमार्जनका लागि कारण सहित गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

(४) मदिरा नियन्त्रणका लागि प्रत्येक महिना अनुगमन गरी तोकिएका कानुनी प्रावधान पालना नगर्ने मदिरा उत्पादक, विक्री वितरक, ओसारपसारकर्ता र सेवनकर्तालाई तोकिएको सजायका लागि सिफारिस गर्ने ।

(५) मदिरा सेवनकर्तामध्ये सेवन छोडी सामान्य जीवनशैलीमा फर्कने सेवनकर्ताहरुलाई पुरस्कारका लागि सिफारिस गर्ने ।

(६) मदिरा नियन्त्रणका लागि विशेष पहल गरी यसको सेवनको मात्रा न्यूनीकरण गर्न सहयोग गर्ने व्यक्ति, संस्था छनौट गरी पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने ।

(७) मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि कार्ययोजना बनाई लागू गर्ने ।

(८) समितिको बैठक सञ्चालन विधि बनाई लागू गर्ने ।

(९) मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि वहस पैरवी गर्ने ।

(१०) मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(११) कुनै स्थानमा वा यस कार्यविधि अनुसार सजाय हुने कसुर भएको छ भन्ने मनासिव कारण भएमा मदिरा उत्पादक, वितरक, ओसारपसारकर्ता तथा सेवनकर्ताका घर, पसल, गोदाम, उद्योगसमेतमा खानतलासी गरी कसुर अनुसारको सजायँ गर्न सिफारिस गर्ने ।

**(ख) (१) वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिः**

| | |
|---|---|
| वडाध्यक्ष वा वडाध्यक्षले तोकेको व्यक्ति | संयोजक |
| महिला वडा सदस्य | सह संयोजक |
| वडा सचिव वा वडा सचिवले तोकेको व्यक्ति | सदस्य सचिव |
| वडा सदस्यहरु | सदस्य |
| वडा भित्र क्रियाशील राजनीतिक दलका प्रतिनिधि | सदस्य |

| | |
|---|---|
| प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| वडा स्तरका होटल व्यवसाय प्रतिनिधि | सदस्य |
| वडालाई कार्यक्षेत्र बनाइ काम गरिरहेका गैह्र सरकारी संस्था प्रतिनिधि | सदस्य |
| वडा क्षेत्रमा कार्यरत पत्रकारहरु | सदस्य |
| स्वास्थ्य चौकीको इन्चार्ज वा इन्चार्जले तोकेको प्रतिनिधि | सदस्य |
| आमा समूहको प्रतिनिधि | सदस्य |
| वडा स्तरको महिला सञ्जालको प्रतिनिधि | सदस्य |
| वडा स्तरमा क्रियाशील जनजाति संगठनका प्रतिनिधि | सदस्य |
| वडा स्तरमा क्रियाशील दलित संगठनका प्रतिनिधि | सदस्य |
| स्वास्थ्य स्वयंसेविकाका प्रतिनिधि | सदस्य |

**(२) वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

(१) प्रत्येक ३/३ महिनामा वडामा मदिराको उत्पादन, बिक्री वितरण, ओसारपसार र सेवन सम्बन्धी अवस्थाको समीक्षा गरी तत्काल तथा दीर्घकालमा गर्नु पर्ने क्रियाकलापहरु तय गरी लागू गर्ने ।

(२) प्रत्येक २ महिनामा द्वैमासिक बैठक गर्ने ।

(३) मदिरा नियन्त्रणका लागि प्रत्येक महिना अनुगमन गरी तोकिएका कानुनी प्रावधान पालना नगर्ने मदिरा उत्पादक, विक्री वितरक, ओसारपसारकर्ता र सेवनकर्तालाई तोकिएको सजायँका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(४) आफ्नो वडाका मदिरा सेवनकर्तामध्ये सेवन छोडी सामान्य जीवनशैलीमा फर्कने सेवनकर्ताहरु छनौट गरी पुरस्कारका लागि सिफारिस गर्ने ।

(५) आफ्नो वडामा मदिरा नियन्त्रणका लागि विशेष पहल गरी यसको सेवनको मात्रा न्यूनीकरण गर्न सहयोग गर्ने व्यक्ति, संस्था छनौट गरी पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने ।

(६) आफ्नो वडामा मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि कार्ययोजना बनाई लागू गर्ने।

(७) वडा स्तरमा मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि वहस पैरवी गर्ने ।

(८) वडा स्तरमा मदिरा नियन्त्रण तथा व्यवस्थापनका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने।

## परिच्छेद ४

## विविध

**१८. प्रगति प्रतिवेदनः**

(क) वडा स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले आफ्नो कार्यक्षेत्रमा मदिरा नियन्त्रण तथा व्यवस्थापनको अवस्था, प्रगति, समस्या तथा भावी दिनमा सुधारका लागि गर्नुपर्ने प्रयास समेत समावेश गरी चौमासिक रुपमा वडा कार्यालयमार्फत गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिमा पेस गर्नुपर्ने छ ।

(ख) गाउँपालिका स्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले सबै वडाका मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले पेस गरेका प्रतिवेदनहरुका आधारमा गाउँपालिका स्तरको प्रतिवेदन तयार पारी चौमासिक रुपमा गाउँकार्यपालिकामा पेस गर्नुपर्ने छ ।

**१९. कार्यक्रमको प्रभावकारिताः**

(क) मदिरा नियन्त्रण तथा व्यवस्थापनको कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा प्रदेश तहबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु र गैर सरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रमहरुसँग समन्वय गरी तादात्म्यता कायम गर्दै एउटै काममा दोहोरोपना नुहने गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिने छ ।

**२०. संशोधन र खारेजः**

यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे गाउँकार्यपालिकाले संशोधन र खारेज गर्न सक्ने छ ।

**२२. प्रचलित कानुन बमोजिम हुनेः**

(क) यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र उल्लेख नभएका कुरामा प्रचलित कानुन बमोजिम हुने छ ।

# अनुसूची १

## दफा ९ को (क) सँग सम्बन्धित

## मदिरा बिक्रीवितरण, ओसारपसारका लागि अनुमतिपत्र माग गर्न दिने निवेदनको ढाँचा

विषयः मदिरा बिक्रीवितरण/ओसारपसारका लागि अनुमतिपत्र पाऊँ ।

श्रीमान् संयोजकज्यू,
मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति
विगु गाउँपालिका, लदुक, दोलखा

महोदय,

प्रस्तुत विषयमा मैले आफ्नो जीवीकोपार्जनका लागि तपसिलमा उल्लेख भएका स्थानमा मदिरा बिक्री वितरणका लागि मदिरा पसल/ओसारपसार कार्य सञ्चालन गर्न लागेकाले त्यस कार्यालयको नियमानुसार अनुमति पत्र प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

(क) पसल राख्न प्रस्ताव गरेको स्थानको पूरा ठेगानाः विगु गाउँपालिका, .........वडा नं., ..............................टोल

(ख) पसल राख्न प्रस्ताव गरेको स्थानबाट सार्वजनिक स्थलको दुरीः

१. सरकारी कार्यालय, सार्वजनिक संस्थानका कार्यालय, स्थानीय तहका कार्यालयसम्मको दुरीः-

२. शिक्षण संस्था, पुस्तकालय, तालिम हल, तालिम तथा प्रशिक्षण केन्द्रसम्मको दुरीः-

३. अस्पत्ताल, स्वास्थ्य चौकी, औषधी पसल(मेडिकल), क्लिनिक तथा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थासम्मको दुरीः-

४. मन्दिर, गुम्बा, चर्च, धर्मशाला तथा धार्मिक स्थलसम्मको दुरीः-

५. चलचित्र मन्दिर, नाट्यशाला, खेलमैदान, रङ्गशाला, सांस्कृतिक केन्द्र, सङ्ग्रहालयसम्मको दुरीः-

६. बालकल्याण गृह, बाल संरक्षण केन्द्र, बृद्धाश्रम, अनाथालयसम्मको दुरीः-

७. गैर सरकारी सङ्घ संस्थाका कार्यालय, सामुदायिक संस्थाका कार्यालय, क्लबहरु सम्मको दुरीः-

८. छात्रवास तथा अतिथि गृहसम्मको दुरीः-

९.नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वामित्व रहेका अन्य संस्थाका कार्यालयहरुसम्मको दुरीः-

(ग) आफूले बिक्री÷ओसारपसार गर्न चाहेका मदिराका प्रकारः

(घ) व्यवसाय सञ्चालनका लागि लगानी गर्ने अनुमानित रकमः

(ङ) लगानीको स्रोतः नगद÷ बैङ्कबाट ऋण÷सहकारीबाट ऋण÷अन्य

(च) पारिवारिक विवरण

परिवार संख्याः महिलाः पुरुषः जम्माः बालकः बालिकाः

| नाता | नाम | उमेर | नाता | नाम | उमेर |
|---|---|---|---|---|---|
| श्रीमान वा श्रीमती | | | हजुरबुबा | | |
| हजुरआमा | | | छोरा १ | | |
| छोरा २ | | | बुहारी १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| बुहारी २ | | | छोरी १ | | |
| छोरी २ | | | | | |

(छ) बिक्री/ओसारपसार गर्न चाहेको मदिराको प्रकारः

(ज) ओसारपसार गर्ने कम्पनीको नामः स्थायी लेखा नं. :-

झ) कहाँबाट ओसारपसार गर्नेः-

(क)गाउँपालिका भित्रबाट

(ख) गाउँपालिका बाहिरबाट कहाँसम्म ओसारपसार गर्ने :

(क) गाउँपालिका भरि (ख) ............वडाको .............बजारसम्म

निवेदकको हस्ताक्षरः रेखात्मक सही

| दायाँ | वायाँ |
|---|---|
| | |

भवदीय

नामः नागरिकता नं.:

ठेगानाः स्थायी लेखा नं.:

मितिः मोबाइल नं.:

संलग्न गर्नुपर्ने कागजातः

(१) लालपूर्जाको प्रतिलिपि (२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(३) स्थायी लेखा नं. (४) मूल्य अभिबृद्धिकर नं.

**अनुसूची २**

**दफा ९ को (ख) को १ सँग सम्बन्धित**

**मदिरा बिक्रीवितरण, ओसारपसारका दिइने अनुमतिपत्रको ढाँचा**

विगु गाउँपालिका

गाउँकार्यपालिकाको कार्याल लादुक, दोलखा

मदिरा बिक्री वितरण÷ओसारपसार अनुमति पत्र

अनुमति पत्र नं.ः

श्री..................................................

..........................................................................................

यस गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७८ को दफा ९ को उपदफा १ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र मदिरा ओसार पसार गर्न÷यस गाउँपालिकाको वडा नंः. मा मदिरा विक्रीवितरण गर्ने पसल सञ्चालन गर्न यो अनुमति पत्र दिइएको छ ।

मितिः

प्रमुख प्रशासकीय अधिकृत

## नवीकरणको विवरण

| नवीकरण गरेको मिति | नवीकरण कायन गरेको मिति | नवीकरण गर्ने अधिकारिको दस्तखत र छाप | कार्यालयको छाप | नवीकरण शुल्क र रसिद नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ३

## दफा ९ को ३ को ख सँग सम्बन्धित

## मदिरा व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा

विगु गाउँपालिका

गाउँकार्यपालिकाको कार्याल सुनखानी, दोलखा

मदिरा व्यवसाय दर्ताको प्रमाण पत्र

दर्ता नं.

श्री ......................................................................................नामको मदिरा व्यवसाय पसल २०.....साल........महिना........गते रोज.....का दिन दर्ता भएकाले यस गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७८ को दफा ९ को उपदफा ३ को ख बमोजिम यो प्रमाण पत्र दिइएको छ ।

मितिः

____________________________

प्रमुख प्रशासकीय अधिकृत

## नवीकरणको विवरण

| नवीकरण गरेको मिति | नवीकरण कायन गरेको मिति | नवीकरण गर्ने अधिकारिको दस्तखत र छाप | कार्यालयको छाप | नवीकरण शुल्क र रसिद नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची ४

## दफा ११ को (क) सँग सम्बन्धित

## धार्मिक प्रयोजनका लागि दिने निवेदनको ढाँचा

विषयः धार्मिक प्रयोजनका लागि मदिरा उत्पादन गर्न अनुमतिपत्र पाऊँ ।

श्रीमान् वडा अध्यक्ष ज्यू,

.........नं. वडा कार्यालय,................।

विगु गाउँपालिका, लादुक, दोलखा

महोदय,

प्रस्तुत विषयमा मलाई धार्मिक प्रयोजनका लागि मदिरा उत्पादन गर्नु परेकोले, मदिरा उत्पादनको लागि अनुमति पत्र त्यस कार्यालयको नियमानुसार अनुमति पत्र प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

| नाम थर देवनागरीमा | बाबुको नाम थर | आमाको नाम थर | श्रीमान्/श्रीमतीको नाम |
|---|---|---|---|
| Name In BLOCK Letter | | | मोबाइल नं. |
| जन्ममिति | ठेगाना | | इमेल ठेगाना |
| नागरिकता प्रमाण मत्र नं. | जारी भएको मिति | जारी भएको जिल्ला | |

रेखात्मक सही

| दायाँ | वायाँ |
|---|---|
| | |

निवेदकको हस्ताक्षरः
नामः
ठेगानाः

मितिः

संलग्न गर्नुपर्ने कागजातः (१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

# अनुसूची ५
## दफा ११ को (ख) सँग सम्बन्धित
## मदिरा बिक्रीवितरण, ओसारपसारका दिइने अनुमतिपत्रको ढाँचा

विगु गाउँपालिका

गाउँकार्यपालिकाको कार्याल लादुक, दोलखा

धार्मिक प्रयोजनका लागि मदिरा उत्पादन गर्ने अनुमति पत्र

अनुमति पत्र नं.ः

श्री...................................................

...................................................

यस गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७८ को दफा ११ को उपदफा (ख) बमोजिम यस गाउँपालिका क्षेत्रभित्र धार्मिक प्रयोजनका लागि मदिरा उत्पादन गर्न यो अनुमति पत्र दिइएको छ ।

मितिः

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची ६

## दफा १२ को (क) सँग सम्बन्धित

## अनुगमन प्रतिवेदनको ढाँचा

मितिः

अनुगमन भएको स्थानः

अनुगमनबाट देखिएका अवस्थाः

**१. मदिरा व्यवसाय दर्ता भएको विवरणः**

| क.स. | व्यवसाय दर्ता गर्नेको नाम थर | फर्म वा पसलको नाम | ठेगाना | सार्वजानिक स्थलबाट दुरी | खुल्ने समय | बन्द हुने समय | मदिराको प्रकार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**२. मदिरा बिक्रीवितरण अनुमति पत्र प्राप्त गर्नेको विवरणः**

| क.स. | व्यवसाय दर्ता गर्नेको नाम थर | फर्म वा पसलको नाम | ठेगाना | सार्वजानिक स्थलबाट दुरी | खुल्ने समय | बन्द हुने समय | मदिराको प्रकार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**३. घरेलु मदिरा उत्पादन गर्न अनुमति प्राप्त गर्नेको विवरणः**

| क.स. | उत्पादकको नाम थर | ठेगाना | उत्पादनको परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**४. मदिरा सेवन अनुमति पत्र प्राप्त गर्नेको विवरणः**

| क.स. | सेदवनकर्ताको नाम | ठेगाना | नागरिकता प्रमाणपत्र नं. | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**५. मदिरा ओसारपसार गर्न अनुमति लिनेको विवरणः**

| क.स. | व्यवसाय दर्ता गर्नेको नाम | फर्म वा पसलको नाम | ठेगाना | सार्वजानिक स्थलबाट दुरी | खुल्ने समय | बन्द हुने समय | मदिराको प्रकार |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**६. यस कार्यविधिको प्रावधान विपरित भेटिएका पसल, सेवनकर्ता, ओसारपसारकर्ता बिक्रीवितरणकर्ताको विवरणः**

| क.स. | नाम थर | ठेगाना | कसुरको प्रकार | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**७. यस कार्यविधिको प्रावधान विपरित कार्य गर्नेलाई गरिएको कार्यवाहीको विवरणः**

| क.स. | नाम थर | ठेगाना | कसुरको प्रकार | सजाय र जरिवाना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**८. देखिएका प्रमुख समस्या र सुधारका लागि अपनाइएका समाधानका उपायः**

| क.स. | प्रमुख समस्या | समस्या समाधानका लागि भएको प्रयास |
|---|---|---|
| | | |
| | | |

**९. आगामी दिनमा अपनाउनु पर्ने सावधानीः**

| क.स. | सावधानी अपनाउनु पर्ने क्षेत्र | अपनाउनु पर्ने सावधानी | गाउँकार्यपालिकालाई सुझाव | कैफियत |
|---|---|---|---|---|
| | मदिरा उत्पादन | | | |
| | | | | |

## अनुसूची ७
## दफा १३ को (ङ) सँग सम्बन्धित
## सचेतना कार्यक्रमको प्रतिवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिर्कत ज्यू ,
विगु गाउँ कार्यपालिकाको कार्यालय,
लादुक, दोलखा ।

विषयः सचेतना कार्यक्रमको प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

तपसिलको बुँदामा प्रतिवेदन लेखी पेश गर्नु पर्ने

| क.स. | विवरण |
|---|---|
| १. | पृष्ठभूमिः |
| २. | उदेश्यः |
| ३. | विधिः |
| ४. | उपलब्धिः |
| ५. | निष्कर्षः |

प्रतिवेदक
हस्ताक्षरः ..................
नामः ....................
ठेगानाः .......................
मितिः ....................

**आज्ञाले,**
**शैलेन्द्र भणडारी**
**प्रमुख प्रशासकीय अधिकृत**